फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email:
sahakaribivag@gmail.com
Website:
www.deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(सहकारी सुधार सुझाव कार्यदलको सचिवालय )

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८०।८१
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

## प्रेश विज्ञप्ती

नेपाल सरकार(मन्त्रीपरिषद्)को२०८० बैशाख २६ गतेको निर्णयानुसार सहकारी क्षेत्रका तत्कालिन, अल्पकालिन, दीर्घकालिन समस्या समाधानको लागि सुझाव पेश गर्न गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०लेआज मिति २०८०।५।२६ मा सम्माननीय प्रधानमन्त्रीज्यू समक्षआफ्नो प्रतिवेदन पेश गरेको छ ।

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को प्रतिवेदनमा सहकारी क्षेत्रमा देखिएका तत्कालिन समस्या समाधानका लागि १३ बुँदामा तत्कालिन समस्या समाधानका लागि गर्नुपर्ने कार्यहरु उल्लेख गरिएको छ । तत्कालिन समस्या समाधानमा मूख्य गरी हाल समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाको सम्पत्ति, सञ्चालक एवं संलग्न कर्मचारीका सम्पत्ति तथा सहकारीको सम्पत्तिबाट सिर्जित अन्य व्यक्तिका नाममा रहेको सम्पत्ति समेत कानून अनुसार जफत गरी बचत फिर्ता गराउन प्रभावकारी कदम चाल्ने ।२०८० चैत्र मसान्त भित्रमा माग भए जतिको बचत फिर्ताका लागि सोको कार्यान्वयनको नियामक निकायबाट सघन अनुगमन र निगरानी राख्ने लगायतका विषय समेटिएका छन । समस्याग्रस्तता तर्फ उन्मुख सहकारी संस्थाका सञ्चालक, पदाधिकारी संलग्न जिम्मेबार कर्मचारीका चल अचल सम्पत्ति रोक्का गर्ने, वैदेशिक भ्रमण रोक्का गर्ने सम्मका कारवाहीगर्न सिफारिस गरिएको छ । अल्पकालिन तथा दीर्घकालिन सुझाव अन्तर्गत सहकारी सम्बन्धी कानून तथा संरचनागत प्रवन्धमा पुनरावलोकन गर्ने तथा निश्चित परिमाण भन्दा माथिकावित्तीय कारोबार भएका सहकारीलाई अनुगमन तथा सुरपरिवेक्षण गरी कारवाहीका दायरामा ल्याउन छुट्टै स्वायत्त सहकारी अनुगमन तथा सुपरिवेक्षण निकाय गठन गर्न सुझाव दिइएको छ । सुझाव कार्यान्वयनका लागि तत्कालिन सुधार सुझाव कार्ययोजना प्रस्ताव गर्दै अल्पकालिन तथा दीर्घकालिन सुझाव कार्यान्वयनका लागीमन्त्रालयले कार्ययोजना वनाई लागु गर्न सुझाइएको छ ।

प्रतिवेदन तयारीका क्रममा कार्यदले सहकारीका सवै सरोकारवालाहरुको वढी भन्दा वढी सुझाव संकलन गरेको थियो । यस क्रममा काठमाडौं, वर्दिवास र नेपालगञ्जमा सुझाव संकलन कार्यशाला आयोजना गरेको थियो । जुम बैठकबाट करिव ८०० जना देशभरका सहभागिबाट सुझाव संकलन गरिएको थियो र राजनीतिक दलका सहकारी क्षेत्रको नेतृत्वकर्ताहरुसँग अन्तरक्रिया गरिएको थियो ।

सदस्य सचिव

Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(सहकारी सुधार सुझाव कार्यदलको सचिवालय)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email:
sahakaribivag@gmail.com
Website:
www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल।

पत्र संख्या : ०८०।८१
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

छोटो प्रश्नावली मार्फत समेत सुझाव संकलन गरिएको र प्रतिवेदन तयारीका क्रममा सहकारी संस्थाबाट बचत फिर्ता गराउन आन्दोलनरत बचतकर्ताका प्रतिनिधिहरुको समेत संलग्नता रहेको थियो ।

प्रतिवेदन बुझाउने क्रममा कार्यदलका संयोजक एवं राष्ट्रिय योजना आयोगका माननीय सदस्य, डा. जय कान्त राउतले कार्यदलले तयार पारेको प्रतिवेदनमा सुझाइएका विषय कार्यान्वयन भई सहकारीको दीर्घकालिन विकासमा प्रतिवेदन कोशेढुंगा साबित हुने विश्वास व्यक्त गर्नुभयो । प्रतिवेदन बुझ्दै सम्माननीय प्रधानमन्त्रीज्यूबाट सहकारी देशको समृद्धिको आधार रहेको बताउदै सरकार सहकारीका सबै समस्या समाधान गर्न प्रयासरत रहेको र प्रतिवेदनको कार्यन्वयनमा सबैको सहयोगको आग्रह गर्नुभयो । प्रतिवेदन बुझाउने कार्यक्रममा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री मा. रञ्जिता श्रेष्ठ चौधरी तथा कार्दलका पदाधिकारी एवं बचतकर्ता तर्फबाट आमन्त्रित सदस्य समेतको उपस्थिती रहेको थियो ।

उपसचिव

Scanned with CamScanner